**गौमुल गाउँपालिका**

**घट्मुना, बाजुरा**

**७ नं. प्रदेश नेपाल**

# स्थानीय राजपत्र

**गौमुल गाउँपालिकाद्धारा प्रकाशित**

*खण्ड १ अंक ५ २०७४ फागुन महिना ८ गते बुधबार*

## भाग २

गौमुल गाउँ सभाको मिति २०७४/११/०८ गतेको बैठकबाट स्वीकृत भएको **"गौमुल गाउँपालिकाको छात्रबृत्ती कोष निर्देशिका, २०७४"** स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम सार्वजनीक जानकारीका लागि देहाय बामोजिम प्रकाशन गरिएको छ ।

# गौमुल गाउँपालिकाको छात्रबृत्ती कोष निर्देशिका २०७४

## प्रस्तावना

नेपालको संविधान २०७२ (अनुसुचि ८) बाट प्रद्त्त स्थानीय तहका अधिकारहरुको प्रयोग गर्दे गौमुल गाउँपालिको शैक्षिक अवस्थालाई सुधार गर्न तथा उच्च शिक्षा अध्ययनमा उत्प्रेरणा जगाउन गाउँपालिका क्षेत्र भित्रका गरिव तथा जेहन्दार छात्र छात्राहरुका लागि छात्रबृत्तिको व्यवस्था गर्ने भन्ने गाउँपालिकाको प्रथम गाउँसभाबाट पारित निति तथा कार्यक्रम अनुररुप स्थापना हुने छात्रबृत्ती कोषलाई व्यवस्थीत,पारदर्शिता,निश्पक्षता तथा उपयुक्त किसिमले वितरण हुने गरि यो निर्देशिका तयार पारिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :**

क) गौमुल गाउँपालिकाको छात्रबृत्ती कोष निर्देशिका २०७४

ख) यो निर्देशिका गाउँ कार्यपालिकाले पाश गरेपछि तत्काल लागुहुनेछ

**२.परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

क) छनौट समिती भन्नाले –छात्र बृत्ति कोष वितरण गर्न बनेको समिती सम्झनु पर्छ ।

ख) कोष भन्नाले – गाउँ सभाबाट पारित गरि गरिव तथा जेहन्दार छात्रछात्राहरुको लागि स्थापना गरेको कोष सम्झनु पर्छ ।

ग) उच्च शिक्षा भन्नाले –माध्यामिक शिक्षा पास गरिसकेपछि सो भन्दा माथी

घ) छात्रबृत्ती भन्नाले – जेहन्दार छात्रछात्राहरुलाई अध्ययनका लीग गरिने सहयोग सम्झनु पर्छ ।

ङ) गाउँपालिका भन्नाले – गौमुल गाउँपालिका सम्झनु पर्छ ।

च) गरिब तथा जेहेन्दार भन्नाले – आर्थिक रुपमा कमजोर राम्रो अध्ययन गर्नसक्ने सम्झनुपर्छ ।

छ) समिति भन्नाले – छात्रबृत्ती कोष परिचालन समितीलाई सम्झनु पर्छ ।

ज) संयोजक भन्नाले – छात्रबृत्ति कोष वितरण तथा परिचालन समितीको संयोजनक सम्झनु पर्नेछ ।

झ) सदस्य भन्नाले – छात्रबृत्ति कोष वितरण तथा परिचालन समितिको सदस्य सम्झनु पर्छ

ञ) सदस्य सचिव भन्नाले – छात्रबृत्ती कोष वितरण तथा परिचालन समितीको सदस्य सचिव सम्झनु पर्छ ।

## परिच्छेद २
## छात्रबृत्ती कोष वितरण तथा परिचालन समिती गठन र समितीको काम,कर्तव्य तथा अधिकार

**३. छात्रबृत्ती कोष वितरण तथा परिचालन समिती निम्नानुसार रहनेछ :**

क) संयोजक – गाउँकार्यपालिकाको उपाध्यक्ष

ख) सदस्य – प्रमुख प्रशासकीय अधिकृत

ग) सदस्य सचिब– शिक्षा शाखा प्रमुख

**४. समितीको काम, कर्तव्य तथा अधिकार :**

क) मुल्याकन गर्ने ।

ख) सिफारिस गर्ने ।

ग) छात्रबृत्ती सम्बन्धि अन्य कार्यहरु गर्ने ।

## परिच्छेद ३
## छात्रबृत्ती वितरण सम्बन्धि प्रावधान

१. बिज्ञान समुह,व्यवस्थापन समुह ,मानविकी समुह र शिक्षा समुहलाई स्नाकोत्तर वा स्नाकोत्तर भन्दा माथि अध्ययन गर्ने हुनु पर्नेछ । साथै मानविकी र शिक्षा समुहमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि अंग्रेजी,गणित,अर्थशास्त्र बिषयलाई प्राथमिकता दिईनेछ ।

२. प्राविधिक समुह तर्फ सबै तह लाई छात्रबृत्ती प्रदान गरिनेछ । तर स्टाफ नर्स ,कृषी प्राविधिक (तिन बर्षे) र सब ईन्जिनियरमा अध्ययनरत छात्रछात्राहरुका हकमा सबै भन्दा गरिव तथा जेहन्दार लाई प्रदान गरिनेछ।

३. अध्ययन पछि गाउँपालिकालाई योगदान दिने लाई प्राथमिकता दिईनेछ ।

४. दलित,जनजाती र महिलालाई प्राथमिकता दिईनेछ ।

५. छात्रबृत्ती एउटा तह पुरै समाप्ती सम्म दिईनेछ ।

६. एक तहमा प्रदान गरिएको छात्रबृत्ति अर्को तहमा सोही व्यक्तिलाई दिईनेछैन ।

७. दोहोरो छात्रबृत्ती दिईनेछैन ।

८. पहिलो पटक छात्रबृत्ति दिईसकेपछि दोस्रो पटकका लागि छात्रबृत्ति पाउन कम्तीमा दोस्रो श्रेणी उत्तिर्ण गरेको हुनु पर्नेछ । अन्यथा छात्रबृत्ति उपलब्ध गराईनेछैन ।

९. छात्रबृत्तीका लागि बार्षिक रुपमा एक पटक सुचना प्रकासन गरिनेछ ।

१०. छात्रबृत्ती देहाय अनुसार वितरण गरिनेछ :

क) कुनैपनि विषयमा पि.एच.डि.गर्नका लागि अधिकतम तीन लाख सम्म दिईनेछ ।

ख) स्नाकोत्तर तह भरिका लागि अधिकतम एक लाख दिईनेछ ।

ग) प्राविधिक समुहको स्नातक तहका लागि अधिकतम एकलाख पचास हजार र स्नाकोत्तर तहका लागि दुई लाख सम्म दिईनेछ ।

घ) अन्य विषयको स्नाकोत्तर तहका लागि अधिकतम पचास हजार सम्म दिईनेछ ।

ङ) सब ईन्जिनियर वा सो सहर तहका लागि अधिकतम पचास हजार सम्म दिईनेछ

११.छात्रबृत्ती सम्बन्धि अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१२. छात्रबृत्ती बार्षीक रुपमा प्रत्येक तहमा एक जना छात्र र एक जना छात्रालाई दिईनेछ ।

**५. बाधा अड्काउ फुकाउः** यस कार्यविधी कार्यान्वयनका चरणमा कुनै समस्या देखि वाधा अड्काउ फुकाउ गर्नु परेमा गाउँ कार्यपालिकाको निर्णयले गर्ने सकिनेछ । तर सो निर्णय ६ महिना भित्र गाउँसभाबाट अनुमोदन गराई सक्नुपर्नेछ ।

**आज्ञाले**
**डम्मर बहादुर थापा**
**प्रमुख प्रशासकिय अधिकृत**